# आन्तरिक मामिला तथा कानून मन्त्रालय सँग सम्बन्धित सार्वजनिक विवरण

प्रदेश सुचनाको हक सम्बन्धी ऐन, २०७६ को दफा ५(२) को प्रयोजनार्थ
(२०८० मंसिर देखि २०८० फाल्गुन मसान्त सम्म)



आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश
चैत्र, २०८०

# १. मन्त्रालयको संक्षिप्त परिचय

## १.१ मन्त्रालयको पृष्ठभुमिः

नेपाल सरकारको मिति २०७४।१०।१० को निर्णयानुसार प्रदेशमा ७ वटा मन्त्रालय स्थापना भएकोमा आन्तरिक मामिला तथा कानून मन्त्रालय पनि रहेको थियो। विभिन्न समयमा भएका राजनीतिक परिवर्तन र सोको व्यवस्थापनको क्रममा बागमती प्रदेश सरकारको मिति २०७९।१०।११ को निर्णयानुसार ११ वटा मन्त्रालयको स्थापना गरेको जसमा आन्तरिक मामिला तथा कानून मन्त्रालय साविक बमोजिम नै कायम भएको।

यस मन्त्रालय अन्तरगत प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ बमोजिम स्थापना भएको सञ्चार रजिष्ट्रारको कार्यालय रहेको छ। बिचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सञ्चार एवं सूचनाको हक संरक्षण, सम्बर्धनका लागि प्रदेश भित्रका बिभिन्न भाषा,साहित्य,कला र संस्कृतिको उत्थान तथा प्रबर्धनमा सहयोग पुर्याउन, सञ्चार माध्यमको अनुमति दिने, नविकरण गर्ने र नियमन गर्ने लगायत सञ्चार माध्यम र सुचना सञ्चार सँग सम्बन्धित विषयगत क्षेत्रमा रहि यस कार्यालयले आफ्नो कार्यसम्पादन गरिरहेको अवस्था छ।

## १.२ उद्देश्य

- शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने।
- नेपालको संविधानद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यताको संरक्षण एवं सम्वर्द्धनगर्ने ।
- पारदर्शिता तथा सुशासनको लागि सूचना प्रविधिमैत्री शासन व्यवस्था सञ्चालन गर्ने।
- प्रदेश सरकारको लागि आवश्यक पर्ने कानूनहरुको निर्माण गरी लोकतन्त्रको संरक्षण गर्ने।

## १.३ लक्ष्य

जनताको चाहना र आवश्यकता अनुरूप प्रदेशमा भरपर्दो शान्ति सुरक्षा एवं सुव्यवस्था कायम गरी विधिको शासन एवं प्रविधीमैत्री वातावरण सृजना गरी शासकीय प्रबन्ध मिलाउनु यस मन्त्रालयको लक्ष्य रहेको छ ।

## १.४ कार्यजिम्मेवारी

बागमती प्रदेश सरकार, (कार्यविभाजन) नियमावली,२०८० बमोजिमको जिम्मेवारी मध्ये शान्ति सुरक्षा, विपद् व्यवस्थापन, सूचना तथा सञ्चार, प्रदेशस्तरका कानून, प्रदेशसभा मामिला सम्बन्धी कार्यक्षेत्र प्रमुख कार्यक्षेत्रको रुपमा रहेको पाईन्छ।प्रदेशमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गरी नेपालको संविधानद्वारा प्रत्याभूत जनताको अभिव्यक्ति स्वतन्त्रता र सुसूचित हुन पाउने मौलिक हकको संरक्षण र सम्वर्द्धन गर्ने, पारदर्शिता तथा सुशासनको लागि सूचना प्रविधिमैत्री शासन/व्यवस्था सञ्चालन गर्ने तथा प्रदेशको लागि आवश्यक पर्ने कानूनहरुको तर्जुमा, समसामयिक संशोधन लगायत फैसला कार्यान्वयन गराई वास्तविक न्याय प्रदान गरी कानूनी राज्यको स्थापना गर्ने कार्यमा सहयोग पुऱ्याउनु आन्तरिक मामिला तथा कानून मन्त्रालयको मूल जिम्मेवारी रहेको छ । बागमती प्रदेश सरकार, (कार्यविभाजन) नियमावली,२०८० अनुसार आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्य जिम्मेवारी देहाय बमोजिम रहेको छः

१. प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य
२. अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा
३. प्रदेशभित्र भ्रमणमा रहेका अतिविशिष्ट व्यक्ति र विशिष्ट व्यक्तिहरुको सुरक्षा समन्वय
४. संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय


५. संघीय कानून बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन
६. प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना संकलन, रोकथाम, नियन्त्रण तथा समन्वय
७. कानून, न्याय तथा प्रदेश सभा मामिला
८. प्रदेश सभामा पेश हुने बिधेयक तर्जुमा र प्रमाणीकरण
९. अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग
१०. आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रबर्द्धनमा सहयोग
११. प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एकप्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण
१२. सामुदायिक प्रहरी
१३. प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन
१४. प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरुको अभिलेख र समन्वय
१५. गुनासो र विवाद व्यवस्थापन
१६. संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन
१७. फौजदारी कार्यविधि कानूनको कार्यान्वयन
१८. अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति
१९. निवारक नजरबन्द र स्थानहद सम्बन्धी
२०. अन्तरप्रदेश सुरक्षा सम्बन्ध
२१. सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान
२२. स्थानीय प्रशासनको सन्चालन, व्यवस्थापन र समन्वय
२३. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

२४. विपद व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना रसञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, विपद् तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्शांकन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन
२५. प्रदेश सरकारले दिने उपाधि,सम्मान तथा विभूषणको सिफारिस
२६. प्रदेशस्तरमा सार्वजनिक समारोह, विदा, उत्सव, उर्दी आदिको व्यवस्थापन
२७. प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्दबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना
२८. सत्य निरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्वन्धी
२९. प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन (रेडियो, एफएम, तथा टेलिभिजन समेत) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, ईजाजत र नविकरण
३०. प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन
३१. प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन
३२. प्रदेशभित्र टेलिसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन
३३. प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण, अनुगमन र नियमन
३४. साइवर सुरक्षा अनुगमन
३५. प्रदेश सरकार अन्तर्गतका निकायहरुमा सफ्टवेयरको निर्माण र प्रयोगको अनुगमन, नियमन र सञ्जालीकरण
३६. छापासञ्चार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन
३७. प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण
३८. श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन

३९. प्रदेशस्तरीय सञ्चार रजिष्ट्रार
४०. केबुल वितरणको इजाजत, नवीकरण र नियमन
४१. सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन
४२. चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन
४३. प्रदेश विधेयक, अध्यादेश, नियम, आदेश तथा प्रदेश सरकारबाट जारी हुने निर्देशिका एवम् कार्यविधिको सहमति
४४. प्रदेश राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन तथा प्रदेश राजपत्र प्रकाशन
४५. प्रदेश कानूनको प्रकाशन र वितरण
४६. प्रदेश सरकारलाई आवश्यक पर्ने कानून तथा कानूनी लिखतको अनुवाद
४७. कानूनको एकीकरण र संहिताकरण
४८. नेपाल सरकारको सहमति लिई प्रदेश मन्त्रिपरिषद्ले गरेको आर्थिक तथा औद्योगिक विषयका कराजन्य सम्झौताको अभिलेखिकरण, प्रकाशन
४९. व्यक्तिगत घटना जन्म, मृत्यु, विवाह र तथ्याङ्क सम्बन्धी कार्य
५०. सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकार क्षेत्रको सिर्जना
५१. प्रदेश सरकारले गर्नुपर्ने तर कुनै मन्त्रालयलाई नतोकिएको कार्य

## १.५ संगठन संरचना र दरबन्दी तेरिजः

### १.५.१ संगठन संरचना मन्त्रालयतर्फको



## १.५.२ दरबन्दी तेरिज र पदपुर्ति (मन्त्रालय)

| सि.नं | पद | सेवा/समूह | दरबन्दी | पदपूर्ती | रिक्त |
|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन/सा.प्र | १ | ० | १ |
| २ | अधिकृतस्तर नवौं/दशौं | प्रशासन/सा.प्र | ३ | ० | ३ |
| ३ | उपसचिव | न्याय/कानून | १ | १ | ० |
| ४ | अधिकृतस्तर आठौं/सातौं | प्रशासन/सा.प्र | ६ | ३ | ३ |
| ५ | अधिकृतस्तर आठौं/सातौं | इन्जि/टेली | १ | ० | १ |
| ६ | कानून अधिकृत | न्याय/कानून | २ | २ | ० |
| ७ | लेखा अधिकृत | प्रशासन/लेखा | १ | १ | ० |
| ८ | अधिकृत. छैठौं/ सहायक पाँचौं | प्रशासन/सा.प्र/ लेखा/विविध | १३ | १२ | १ |
| ९ | हलुका सवारी चालक | प्रशासन/सा.प्र | ४ | ४ | ० |
| १० | कार्यालय सहयोगी | प्रशासन/सा.प्र | ६ | ६ | ० |
| **जम्मा** | | | **३८** | **२९** | **९** |

## २. मन्त्रालयबाट प्रदान गरिने सेवा:

बागमती प्रदेश सरकार कार्यविभाजन नियमावली, २०८० ले तोकेको कार्यक्षेत्र अन्तरगतका कार्यहरु मन्त्रालयको संगठन संरचना र सो अनुसार कार्यजिम्मेवारी तोकिएका अधिकारीहरुबाट प्रवाह हुने गरेको । मन्त्रालयले विशेषगरि कानून निर्माण, शान्ति सुरक्षा, विपद् व्यवस्थापन, सुचना तथा सञ्चार र प्रदेश सभा मामिला सम्बन्धि क्षेत्रमा कार्य गर्ने गर्दछ।

## ३. सेवा प्रदान गर्ने निकायको महाशाखा/ शाखा र जिम्मेवार कर्मचारी:

| क्र.सं. | सचिवालय/महाशाखा/शाखा | कर्मचारीको नाम | पद |
|---|---|---|---|
| क | माननीय मन्त्रीज्यूको सचिवालय | सर्वेस वन्जरा | अधिकृत सातौ |
| ख | श्रीमान सचिवज्यूको सचिवालय | धनमाया लम्साल | कम्प्युटर अपरेटर |
| **१.** | **प्रशासन, योजना तथा सूचना समन्वय महाशाखा** | | |
| १.१ | प्रशासन तथा योजना शाखा | रबिता कार्की | अधिकृत आठौ |
| | | धनमाया लम्साल | कम्पयुटर अधिकृत छैटौ |
| | | अभिषेक धिताल | सहायक पाँचौ |
| | | समीक्षा शर्मा | सहायक पाँचौ |
| १.२ | सञ्चार तथा सूचना प्रविधि शाखा | रुद्र कुमारी श्रेष्ठ | कम्प्युटर अधिकृत छैटौ |
| १.३ | आर्थिक प्रशासन शाखा | मधुकुमार ढुङ्गाना | लेखा अधिकृत |
| | | बाबुराम वाईवा | सहलेखापाल |
| **२.** | **शान्ति सुरक्षा महाशाखा** | | |
| २.१ र २.२ | प्रहरी प्रशासन तथा कारागार व्यवस्थापन शाखा | भिम महर्जन | शाखा अधिकृत |
| | | विकास भट्टराई | सहायक पाँचौ |
| २.३ | शान्ति सुरक्षा तथा स्थानीय प्रशासन शाखा | रत्न कुमारी घिसिङ | अधिकृत सातौ |
| **३.** | **कानून तथा प्रदेश सभा मामिला महाशाखा** | **मनुका घिमिरे** | **उपसचिव** |
| ३.१ | कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखा | पारसमणी शर्मा | कानून अधिकृत |
| | | धर्मराज गुप्ता | कम्प्युटर अपरेटर |
| | | विश्वराज लामा | नायब सुब्बा |
| ३.२ | प्रदेश सभा मामिला तथा कानून सम्पादन शाखा | रामबहादुर चन्द | कानून अधिकृत |
| | | रुद्र कुमारी श्रेष्ठ | कम्प्युटर अधिकृत छैटौ |

<table>
<tr><th>क्र.सं.</th><th>सचिवालय/महाशाखा/शाखा</th><th>कर्मचारीको नाम</th><th>पद</th></tr>
<tr><td>४</td><td>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन महाशाखा</td><td></td><td></td></tr>
<tr><td>४.१</td><td>जोखिम न्यूनीकरण, पूर्वतयारी तथा पुनर्लाभ शाखा</td><td rowspan="2">रबिता कार्की<br>उमेश सोती<br>अनिमेश पौडेल</td><td rowspan="2">अधिकृत आठौ<br>कम्पयुटर अधिकृत छैटौ<br>सहायक पाँचौ</td></tr>
<tr><td>४.२</td><td>विपद् अनुसन्धान, कार्यसञ्चालन तथा क्षमता विकास शाखा</td></tr>
</table>

## ४.सेव प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

सुचनाको हक सम्बन्धी ऐन तथा नियममा भएको व्यवस्था बमोजिम ।

## ५. निर्णय गर्ने प्रक्रिया र अधिकारी

### क. निर्णय प्रक्रिया सम्बन्धमा।

विषयगत मन्त्रालय/निकायहरु, लगायत अन्य सरोकारवाला निकायहरुबाट प्राप्त पत्रहरु माननीय मन्त्रीज्यू वा कार्यालय प्रमुख (श्रीमान सचिवज्यू) बाट तोकादेश भएबमोजिम सम्बन्धित महाशाखा/शाखा मार्फत कार्यान्वयनको प्रक्रिया अगाडि बढाईने।

### ख. निर्णय गर्ने अधिकारी।

- माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीस्तरबाट।
- अख्तियारी बमोजिम सचिवस्तरबाट।
- अख्तियारी बमोजिम उपसचिवस्तरबाट ।

## ६. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

- कार्यालय प्रमुखः श्री पूर्ण बहादुर दर्जी

## ७. आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट सम्पादन भएका कार्यहरु (मंसिर देखि फाल्गुन मसान्तसम्म)

- मन्त्रालय र मातहत निकायको संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण तयार स्वीकृत भै पददर्ता समेत भएको ।
- मन्त्रालयको प्रथम चौमासिक प्रगति समिक्षा कार्यक्रम सम्पन्न गरिएको ।
- बढदै गएको चिसो मौसमलाई मध्यनजर गर्दै तपसिलका स्थानीय तहको समन्वयमा न्यानो फाईबर सिरक वितरण गरिएको ।

| **स्थानीय तह** | **वडा** | **घरधुरी** | **थान** |
|---|---|---|---|
| घ्याङलेख गाँउपालिका | वडा नं. २ | अतिसिमान्तकृत थामी जातिका घर ९३ परिवार | १८६ |
| कमलामाई नगरपालिका | वडा नं.१ | लोपोन्मुख हायु परिवार १२० | २४० |
| मरिण गाँउपालिका | वडा नं. ७ | अतिसिमान्तकृत थामी जातिका घर ५१ परिवार | १०२ |
| सुनकोशी गाउँपालिका | वडा नं.२ | लोपन्मुख हायु जातिका २३ घरधुरीलाई | ४६ |
| मनहरी गाँउपालिका | वडा नं.४ | वनकरिया जातिका २२ घरधुरीलाई | ४४ |
| हरिहरपुरगढी गाउँपालिका | वडा नं.२ | सिमान्तकृत पहरी समुदायका ४८ घरधुरीलाई | ४८ |
| **कुल ६ स्थानीय तह** | | **कुल घरधुरी ३५७** | **६६६** |

- मनसुनजन्य विपद् प्रभावित नीजि आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्यविधि २०७७ र आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्यविधि २०७८ बमोजिम चालु आ.व.मा प्रदेश सरकारको हिस्सा वापत कुल रु. ०५ करोड ५३ लाख ५५ हजार प्रदान गरिएको।
- जिल्ला प्रशासन कार्यालय सिन्धुलीलाई राहत वितरण गर्ने प्रयोजनार्थ कुल रु. १० लाख प्रदान गरिएको।

- २०८१ सालको लागि वार्षिक क्यालेन्डर छपाईको कार्य भईरहेको।
- विपद् व्यवस्थापन सम्बन्धी सचेतनामुलक कार्यक्रम माडी नगरपालिका, रत्ननगर नगरपालिकाका विद्यालयमा सञ्चालन गरिएको।
- प्रदेश गोदामघरमा रहेका सामाग्रीहरुको व्यवस्थापन मिलाईएको।
- आत्महत्या न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम रामेछाप, सिन्धुली जिल्लामा सम्बन्धित सरोकारवालाहरुवीच सञ्चालन गरिएको ।
- सडक दुर्घटना न्यूनीकरण कार्यक्रम अन्तरगत बागमती प्रदेश भित्रका उपत्यका बाहेकका १० जिल्लामा ट्राफिक सप्ताह कार्यक्रम सञ्चालन गरिएको।
- वहुवर्षीय आयोजना अन्तरगत पुँजीगत तर्फ २५ वटा प्रहरी ईकाईको निर्माणका लागि कुल २६ करोड ५५ लाख २९ हजार अख्तियारी प्रदान गरिएको। चालु प्रकृतिका १३ वटा आयोजनाहरु कार्यान्वनका लागि कुल ५ करोड ५६ लाख अख्तियारी प्रदान गरिएको।
- नियमावली-१, निर्देशिका-३, कार्यविधि-११, सूचना -३ गरी जम्मा १८ ओटा कानून यस अवधिमा राजपत्रमा प्रकाशन गरिएको।
- यस अवधिमा नीति-२, मापदण्ड-१, कार्यविधि-१२, नियमावली-१, निर्देशिका-२ र विधान-१ गरी कुल १९ वटा कानूनमा राय/सहमति प्रदान गरिएको।
- बागमती प्रदेशका ७२ वटा गाँउपालिकामा नियुक्त स्थानीय न्यायिक सहजकर्तालाई कानून तर्जुमा, न्यायिक प्रक्रिया लगायतका विषयमा अभिमुखिकरण प्रदान गरिएको।
- प्रदेश सरकारका मन्त्रालयहरुका सचिवज्यू र कानून अधिकृतहरुलाई फैसला कार्यान्वयन र लिखित जवाफ सम्बन्धमा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको।
- रामेछाप र दोलखा जिल्लाका स्थानीय न्यायिक समितिका पदाधिकारी र जनप्रतिनिधिहरुलाई न्यायिक समितिको कार्यजिम्मेवारी लगायतका विषयमा क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको।
- यस अवधिमा मन्त्रालयको तर्फबाट ४ वटा लिखित जवाफ पठाईएको।

## ८.प्रवक्ता र सुचना अधिकारीको विवरणः

### प्रवक्ताको विवरणः

नामः मनुका घिमिरे
पदः उप-सचिव
महाशाखा: कानून महाशाखा



### सूचना अधिकारीको विवरणः

नामः रबिता कार्की
पदः अधिकृत आठौं
शाखाः प्रशासन/विपद् व्यवस्थापन समन्वय शाखा



## ९. सुचना माग सम्बन्धि कार्यालयमा प्राप्त निवेदन

यस प्रतिवेदनको अवधि (२०८० मंसिर देखि २०८० फाल्गुन मसान्तसम्म) २ वटा लिखित निवेदन प्राप्त भएको।

## १०. मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिकाको विवरण:

आन्तरिक मामिला तथा कानून मन्त्रालयले आफुलाई तोकिएको कार्यजिम्मेवारी वहन गरी कार्यसम्पादन गर्न मन्त्रालयसँग प्रत्यक्ष रुपमा सम्बद्ध विभिन्न कानुनहरु तर्जुमा गरेको छ। यसका साथै वार्षिक रुपमा स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि समेत मन्त्रालयले विभिन्न कार्यविधि, मापदण्ड, योजनाहरु तर्जुमा गरेको छ। जुन निम्नानुसार रहेको छ।

**ऐन**

- प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन,२०७४
- प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५
- प्रदेश विपद् व्यवस्थापन ऐन,२०७५
- प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ (दोस्रो संशोधन, २०८०)
- विभुषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन,२०७६
- प्रदेश प्रहरी ऐन,२०७७
- प्रदेश अनुसन्धान ब्युरो ऐन, २०७९

**नियमावली**

- बामगती प्रदेशको प्रदेश सभा नियमावली,२०७४
- प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली,२०७६

**निर्देशिका/कार्यविधि/मापदण्ड**

- प्रदेश राजपत्र प्रकाशन सम्बन्धि निर्देशिका, २०७६
- प्रदेशका विशिष्ट व्यक्तिहरुको सुरक्षामा खटिने सुरक्षाकर्मीलाई पोसाक सुविधा प्रदान गर्ने मापदण्ड सम्बन्धि कार्यविधि, २०७८
- सम्मान र पदक प्रदान गर्ने मापदण्ड, २०७८
- प्रदेश गोदामघर व्यवस्थापन कार्यविधि,२०७९
- आन्तरिक नियन्त्रण प्रणाली, २०७९

- बागमती प्रदेश विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८०
- प्रदेश विपद् व्यवस्थापन कोष परिचालन सम्बन्धी कार्यविधि, २०८०
- स्थानीय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन), २०८०
- द्वन्द्वपीडित व्यक्तिहरुको सबलीकरण कार्यक्रम कार्यान्वय कार्यविधि, २०८०
- जनचेतनामूलक प्रचार सामाग्री निर्माण, प्रसारण तथा वितरण कार्यविधि, २०८०
- मौलिक चलचित्र निर्माण तथा प्रवर्द्धनमा सहयोग कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०
- युवा सचेतना अभियान कार्यक्रम सञ्चालन कार्यविधि, २०८०
- प्रदेश स्वंमसेवक ब्युरो गठन तथा परिचालन कार्यविधि, २०८०

## ११. मन्त्रालयको वेवसाईट तथा ई-मेल:

प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयको वेवसाईट तथा ईमेल निम्नअनुसार रहेको छ।

वेवसाईट: moial.bagamati.gov.np

ई-मेल: moial@bagamati.gov.np

माथि उल्लेखित वेवसाईटमा यस कार्यालयसँग सम्बन्धित सम्पुर्ण सुचना तथा जानकारी एवं नीति नियमहरु उपलब्ध रहेका छन।

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

### क. राजस्व संकलनको अवस्था

यस मन्त्रालयतर्फ चालु आर्थिक वर्ष २०८०/८१ साउन देखि २०८० फाल्गुन मसान्त सम्म कुल नौ लाख छत्तीस हजार पाँच सय सडसठ्ठी रुपैया राजस्व संकलन भएको देखिन्छ।

रकम रु.हजारमा

| मन्त्रालय तर्फ | | | | |
|---|---|---|---|---|
| | राजश्व ख.शी.नं. | राजश्व शीर्षक | संकलित रकम(हजारमा) | कैफियत |
| | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २५८.८५७ | |
| | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १.००० | |
| | १४५२९ | अन्य राजश्व | ५.७८० | |
| | १५१११ | बेरुजु | ६७०.९३० | |
| **मन्त्रालय तर्फको जम्मा** | | | **९३६.५६७** | |

## ख. मन्त्रालयको वार्षिक बजेट र खर्च विवरण

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेशको आर्थिक वर्ष २०८०/८१ को साउन महिना देखि फाल्गुन मसान्तसम्मको खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण निम्नानुसार रहेको छ।

रकम रु. हजारमा

| क्र.सं. | बजेटको किसिम | खुद बजेट | खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | चालु | १३८०८९ | ४५९१४ | ३४.९८ | मन्त्रालयको मात्र। |
| २. | पुँजीगत | ४४६७२७ | १२१००१ | २७.०९ | |
| **जम्मा** | | **५८४८१६** | **१६६९१५** | **२८.५४** | |

*स्रोत: प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS)*

## ग. खर्च शीर्षक अनुसार आन्तरिक मामिला तथा कानून मन्त्रालयको खर्च विवरण( २०८० साउन देखि फाल्गुन मसान्तसम्म )

रकम रु. हजारमा

| खर्च संकेत नं. | खुद बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| २११११ पारिश्रमिक कर्मचारी | २६५९८.०० | ९५०५.१९ | ३५.७४ |
| २११२१ पोशाक | १५८०.०० | ६६०.०० | ४१.७७ |
| २११३२ महंगी भत्ता | ९१२.०० | ५०९.३५ | ५५.८५ |
| २११३४ कर्मचारीको बैठक भत्ता | १०००.०० | ५७५.३० | ५७.५३ |
| २११३९ अन्य भत्ता | २०३.०० | ९७.९५ | ४८.२५ |
| २११४१ पदाधिकारी बैठक भत्ता | ९००.०० | २०.०० | २.२२ |
| २१२१२ योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ३००.०० | ०.०० | ०.०० |
| २१२१३ योगदानमा आधारित बीमा कोष खर्च | १५०.०० | ६१.६० | ४१.०७ |
| २२१११ पानी तथा बिजुली | ११७०.०० | ४२७.६३ | ३६.५५ |
| २२११२ संचार महसुल | ७७०.०० | २२५.२९ | २९.२६ |
| २२२११ इन्धन (पदाधिकारी) | २००.०० | ५४.०८ | २७.०४ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | १६४५.०० | ५७१.४७ | ३४.७४ |
| २२२१३ सवारी साधन मर्मत खर्च | १९००.०० | ७४७.२४ | ३९.३३ |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ७७५.०० | २४.१६ | ३.१२ |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ४२०.०० | ३१४.१२ | ७४.७९ |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ९००.०० | १००.४३ | ११.१६ |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | २५००.०० | १९००.०१ | ७६.०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | २५५.०० | ४१.७० | १६.३५ |

| | | | |
|---|---|---|---|
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २७५०.०० | ३४३.३२ | १२.४८ |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ७००.०० | ६९७.५० | ९९.६४ |
| २२४११ सेवा र परामर्श खर्च | ३०००.०० | ०.०० | ०.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १००.०० | ०.०० | ०.०० |
| २२४१३ करार सेवा शुल्क | ४३२४.०० | २६९२.९४ | ६२.२८ |
| २२५११ कर्मचारी तालिम खर्च | ६००.०० | १०३.३२ | १७.२२ |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २०१००.०० | १४४७.९२ | ७.२० |
| २२५२२ कार्यक्रम खर्च | १८४३१.६१ | २९६७.४८ | १६.१० |
| २२५२९ विविध कार्यक्रम खर्च | २७०५०.०० | ५४०८.७१ | २०.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ९००.०० | २९०.३० | ३२.२६ |
| २२६१२ भ्रमण खर्च | १०९५.०० | २८९.४६ | २६.४३ |
| २२७११ विविध खर्च | १२००.०० | ४८७.९९ | ४०.६७ |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १५०००.०० | १५०००.०० | १००.०० |
| २८१४२ घर भाडा | ६६०.०० | ३५०.०० | ५३.०३ |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ३२१३२७.०० | ११६९७२.२५ | ३६.४० |
| ३११२२ मेशिनरी तथा औजार | ५७००.०० | ८९८.३५ | १५.७६ |
| ३११२३ फर्निचर तथा फिक्चर्स | २०००.०० | १५५५.९० | ७७.८० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १००.०० | ०.०० | ०.०० |
| ३११४१ सुरक्षा उपकरण प्राप्ति खर्च | ६६५००.०० | ०.०० | ०.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ३४१००.०० | ०.०० | ०.०० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १७०००.०० | १५७४.७६ | ९.२६ |
| **जम्मा** | **५८४८१५.६१** | **१६६९१५.७२** | **२८.५४** |

स्रोत: प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS)